स्थानीय सरकार
मेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
भेङ्पु दोलखा, नेपाल

पत्र सङ्ख्या : ०८१/८२
सूचना नम्बर : ४८

# करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति २०८१।०४।०६)*

यस गाउँपालिकामा रिक्त रहेका देहायका पदहरु करार सेवाबाट पदपुर्ती गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका उम्मेद्वारहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन (कार्यालय समय) भित्र रितपुर्वक दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम सहितको विस्तृत विवरण कार्यालयबाट वा वेभसाईट www.melungmun.gov.np बाट उपलब्ध हुनेछ।

देहाय

| विज्ञापन नं. | पद/सेवा/समुह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|
| १०-२०८१।०८२ | इन्जिनियर/सिभिल/बिल्डिङ एण्ड आर्कीटेक्ट | छैठौं | १ | |
| ११-२०८१।०८२ | कृषि स्नातक (पशु चिकित्सक) | छैठौं | १ | |
| १२-२०८१।०८२ | ल्याब टेक्निसियन | पाँचौं | १ | |
| १३-२०८१।०८२ | रोजगार सहायक | पाँचौं | १ | |
| ०४-२०८१।०८२ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | १ | |
| ०५-२०८१।०८२ | नायब प्राविधिक सहायक (कृषि) | चौथो | १ | |

तपसिल

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता :

<u>इन्जिनियर/सिभिल/बिल्डिङ एण्ड आर्कीटेक्ट पदका लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण भएको। स्ट्रक्चरल इन्जिनियर विषयमा स्नातकोत्तर उत्तीर्णलाई विशेष प्राथमिकता दिइनेछ।

<u>कृषि स्नातक पशु चिकित्सक पदको लागि</u> : पशुपन्छी विज्ञानतर्फ मान्यता प्राप्त विश्वविद्यालय वा पशुचिकित्सा विषयमा B.Vsc. & A.H./ B.V.Sc. वा सो सरहको स्नातक तह उत्तीर्ण नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको।

<u>ल्याब टेक्निसियन पदको लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याबमा प्रमाणपत्र तह उत्तीर्ण वा मान्यताप्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी ल्याब टेक्निसियनको २ बर्ष ६ महिनाको कोर्ष उत्तीर्ण भएको।

<u>रोजगार सहायक परदका लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको तथा आधारभूत कम्प्युटर सिप सम्बन्धी ३ महिनाको तालिम प्राप्त भएको।

<u>नायब पशु स्वास्थ्य प्राविधिक पदको लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी वा एस.इ.इ. मा न्यूनतम् सि ग्रेड प्राप्त गरी न्यूनतम् एक बर्षे जे.टि.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी उत्तीर्ण।


E-mail : info@melungmun.gov.np, melungrmc@gmail.com, Website : melungmun.gov.np
☎ ९८५१२४९२०१, ९८५११४९२०१

<u>नायब प्राविधिक सहायक पदको लागि</u> : मान्यता प्राप्त शिक्षण संस्थाबाट जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा सम्बन्धित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.इ.इ. मा न्यूनतम् सि ग्रेड वा टि.ए.एस.एल.सी. उत्तीर्ण भएको।

२ <u>दरखास्त फाराम पाइने स्थान</u> : यस कार्यालयको प्रशासन शाखा वा वेभसाइट www.melungmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

३ <u>दरखास्त बुझाउने स्थान र अन्तिम मिति</u> : यस कार्यालयको प्रशासन शाखा वा ईमेल ठेगाना melungrmc@gmail.com मार्फत बैंक भौचर र आवश्यक कागजातहरु समेत स्क्यान गरी एउटै PDF File बनाई *<u>(JPG/JPEG/Photo तथा छुट्टाछुट्टै PDF File लाई स्वीकार गरिने छैन।)</u>* २०८१।०५।२० गते (कार्यालय समय) भित्र हार्ड कपी वा ईमेल मार्फत पेश गरिसक्नुपर्ने पर्नेछ।

४. **उमेर हद** : इन्जिनियर/सिभिल/बिल्डिङ एण्ड आर्किटेक्ट र कृषि स्नातक (पशु चिकित्सक) पदको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको) तथा ल्याब टेक्निसियनको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष उमेर ननाघेको, नायब पशु स्वास्थ्य प्राविधिक र नायब प्राविधिक सहायकको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा ४० वर्ष उमेर ननाघेको) र रोजगार सहायकको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष पुरा ननाघेको।

५. **दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरु** : व्यक्तिगत विवरण CV, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलबाट प्राप्त दर्ता प्रमाण पत्र र कार्यानुभवको प्रमाणपत्रको प्रतिलिपि उम्मेद्वार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

६. **तलब सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार।

७. **दरखास्त दस्तुर** : सहायक स्तर चौथो तहको लागि रु ५०० (अक्षेरेपि पाँच सय रुपैयाँ मात्र), सहायकस्तर पाँचौ तहका लागि रु ७०० (अक्षेरेपि सात सय रुपैंया मात्र) र अधिकृत स्तर छैठौं तहको लागि रु १२०० (अक्षेरेपि एक हजार दुई सय मात्र) यस कार्यालयको सानिमा बैंक मेलुङ शाखामा रहेको MELUNG GA.PA.GA1.1 AANTARIK RAJASWA KHATA (खाता नं. 07201002000015) मा रकम जम्मा गरेको सक्कल भौचर स्क्यान गरी दरखास्त फारामसाथ एउटै PDF File बनाई पेश गर्नुपर्नेछ।

८. **परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक (अनुभवी र कम्प्युटरमा दक्षलाई प्राथमिकता दिईनेछ।)

९. **परीक्षा मिति** : पछि प्रकाशित गरिनेछ।
(थप जानकारीका लागि मोबाईल नं. ९८५११४९२०१ मा सम्पर्क गरी बुझ्न सकिनेछ।)